24. हाल सरकारले सामुदायिक विद्यालयमा संचालन गरिरहेको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा दिवा खाजा कार्यक्रम व्यवस्थापन गर्न एकमुष्ट अनुदान दिने व्यवस्था मिलाइनेछ।

25. प्राविधिक धार अन्तरगतका कृषि तथा पशुपालन र इन्जिनियरीङ संकायतर्फ अध्ययनरत जनशक्तिलाई सिक्दै कमाउँदै कार्यक्रममा आवद्ध गर्न नगरपालिकाका र प्राविधिक शिक्षालयको साझेदारीमा कार्यान्वयन गर्न रु. ३ लाख विनियोजन गरेको छु।

26. शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम, जुडो कराते प्रशिक्षक व्यवस्थापन, संगित तथा नृत्य प्रशिक्षक प्रोत्शाहन कार्यक्रम संचालन गर्न रु. ११ लाख ३४ हजार विनियोजन गरेको छु। यसबाट विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन तथा सिकाइस्तरमा वृद्धि हुने विश्वास लिएको छु।

27. सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका बालबालिकाहरुको खाता खोल ी नगरपालिका र अभिभावकले क्रमश बार्षिक रु. ६०० जम्मा गरी बाल बचतलाई प्रोत्साहन गरिनेछ। उक्त बाल बचत रकमलाई विद्यार्थीको उच्च शिक्षाको अध्ययनसँग आबद्ध गरिनेछ। त्यसका लागि रु. ६ लाख रकम विनियोजन गरेको छु। यसबाट विद्यालय छोड्ने दरमा कमी आइ सामुदायिक विद्यालयप्रति नागरिकको आकर्षण बढ्ने विश्वास लिएको छु।

28. किशोरी अवस्थाका युवतीहरुलाई विद्यालय जान प्रोत्साहन गर्न तथा रजस्वलाको समयमा समेत विद्यालयमा नियमित पठनपाठनमा संलग्न गरी शैक्षिक गुणस्तर सुधार गर्न रु. १० लाख ३९ हजार विनियोजन गरेको छु।

29. खेल र खेलाडीमा लगानी अभिवृद्धी गरी खेलको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना, भातृत्व र नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गर्न वडास्तरीय र नगरस्तरीय खेलकुद विकास समिति बनाइनेछ। खेल र खेलाडीहरुको एकिकृत अभिलेख राख्ने,

३८. महिलाहरुको लागि छोटो अवधिको हलुका सवारी साधन चलाउने तालिम, महिला समूह महिला सहकारीका महिलाहरुको क्षमता तथा नेतृत्व विकास सम्बन्धी तालिमका लागि रु. ८ लाख ३० हजार विनियोजन गरेको छु।

३९. जेष्ठ नागरिकहरुको क्षमता, सीप र अनुभवलाई नगरपालिकाको विकासमा प्रयोग गर्न जेष्ठ नागरिक मिलन केन्द्र,भवन स्तरोन्नती, तनाव व्यवस्थापन, जेष्ठ नागरिक दिवस र जेष्ठ नागरिक धार्मिकस्थल भ्रमण कार्यक्रम सञ्चालन गर्न रु. 8 लाख विनियोजन गरेको छु।

40. लोकतान्त्रिक जनआन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा सहिद भएका तथा वेपत्ता योद्धा परिवारका सदस्य र घाइते एवं अपाङ्ग व्यक्तिहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि रु. 4 लाख विनियोजन गरेको छु।

41. दलित, अल्पसंख्यक र पछाडी परेका समुदायको क्षमता अभिवृद्धि गरी उत्पादनमा जोड्न प्रोत्साहित गर्ने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म पूर्वाधार क्षेत्रसँग सम्बन्धी बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार क्षेत्र**

42. विगतका आ.व. देखि संचालनमा रहेका बोराङखोला प्यारजुङ सडक, नगरस्तरीय अस्पताल, वडा नं ०१ को कार्यालय भवन, वडा नं ०६ को कार्यालय भवन, टिमुरे बोराङखोला सडक आयोजनाहरुको भुक्तानी बाँकी रकम भुक्तानीका लागि एकमुष्ठ रकम रु ३ करोड ३८ लाख ९४ बजार २ सय ४१ रुपैया विनियोजन गरेको छु ।

43. नगरपालिकाको मेरुदण्डको रुपमा रहेको चक्रपथको टिमुरे–वोराङखोला–भँगारी–प्यारजुङ–राइनासकोट–मोहोरीयाकोट–वगुवा सडक संघीय सरकार र प्रदेश सरकारसँग साझेदारीमा कालोपत्रे गरिनेछ। सर्वोदय सेवा आश्रम हर्राबोट राइनासकोट प्यारजुङ सडक एकिकृत शहरी पूर्वाधार कार्यक्रमको लागि विनियोजित रकमबाट कालो पत्रे

